## फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-४ संख्याः ५ मितिः२०७७।०५।२१

भाग-२

फुङलिङ नगरपालिका

## “कृषि तथा पशुपन्छी व्यवसाय/फर्म दर्ता एवम् नवीकरण, सम्बन्धी कार्यविधि, २०७७ ”



**कार्यपालिका बैठकबाट पारित मितिः २०७७/०५/१६**

**कृषि तथा पशुपन्छी व्यवसाय/फर्म दर्ता एवम् नवीकरण, सम्वन्धी कार्यविधि, २०७७"**

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय सरकारले प्राप्त अधिकार क्षेत्र भित्र रहेर यस पालिका भित्र संचालनमा रहेका र संचालन हुने कृषिजन्य, पशुपन्छी जन्य तथा माछाजन्य (उत्पादन प्रशोधन देखि वजारीकरणसम्मका) व्यवसायहरुलाई व्यवस्थित गर्दै कृषि तथा पशुपन्छी व्यवसायहरु संचालनमा प्रेरित गर्न र नियमन कार्यको लागि ऐनको दफा ११ को उप दफा ७ तथा दफा १०२ को उपदफा २ बमोजिम **कृषि तथा पशुपन्छी व्यवसाय /फम दर्ता एवमं नवीकरण, सम्वन्धी कार्यविधि, २०७७"** लागु गर्न वान्छनीय भएकोले यो कार्यविधी स्वीकृत गरी लागु गरीएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

यस कार्यर्विधिको नामः **"कृषि तथा पशुपन्छी व्यवसाय /फर्म दर्ता एवं नवीकरण, सम्वन्धी कार्यविधि, २०७७"** रहको छ। यो कार्यविधि फुङलिङ नगर कार्यपालिकाले स्विकृत गरेको मितिवाट लागु हुने छ।

**२. परिभाषा :**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **“व्यवसाय”**व्यवसायिक रुपमा गरिएको कृषि तथा पशुपन्छीको कामगरीएको पेशा वा कर्मलाई सम्झनु पर्छ।

(ख) **“व्यवसायी”**कृषि तथा पशुपन्छीको व्यवसय गर्ने व्यक्ति वा व्यक्तिहरुको समुहलाइ जनाउँछ।

(ग) **“फर्म”** भन्नाले उद्योगी व्यवसायिले नगरपालिकाले कानुनत व्यवसाय दर्ता गरी उद्देश्य वंमोजिम करोवार गर्न दिइने सहमति सम्झनु पर्छ।

(घ) **“दर्ता”** भन्नाले नगरपालिकाको क्षेत्र भित्र संचालित व्यवसाय फा कृषि तथा पशुपन्छी व्यवसाय /फाम दर्ता एवमं नवीकरण, सम्वन्धी कार्यविधि २०७७ अनुसारको अभिलेखमा आवद्ध भएको व्यवसाय फामलाइ सम्झनु पर्नेछ।

(ङ) **“कृषक”** भन्नाले १ वटा ठुलो टाउको भएको चारखुट्टे पशु पालेको वा ५ वटा सानो टाउके चारखुट्टे पशु पालेको व माउ र चल्ला गरी २० वटा पालेको वा आठ आना जग्गामा खेती लगाएकोलाइ सम्झनु पर्नेर्छ।

(च) **"कृषक समूह"** भन्नाले कृषि तथा पशु पालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कम्तिमा १५ जना कृषकहरुको नगरपालिकाको कृषक समूह दर्ता कार्यविधि वंमोजिम दर्ता भएको संस्था वा समूह सम्झनु पर्छ।

(छ) **"सहकारी"** भन्नाले कृषि तथा पशु पालन व्यवसायमा आवद्ध एउटै उद्देश्य र पेशा भएका कम्तिमा ३० जना कृषकहरुको समुह सहकारी ऐन वंमोजिम सम्वन्धित निकायमा दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ।

(ज) **"कार्यालय"** भन्नाले यस फुङलिङ नगरपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(झ) **"शाखा"** भन्नाले यस फुङलिङ नगरपालिको आर्थिक विकास शाखा सम्झनुपर्नेछ।

(ञ) **"वडा"** भन्नाले फुङलिङ नगरपालिका अन्तर्गतका ११ वटै वडाहरु सम्झनु पर्नेछ।

(ट) **"प्रमुख"** भन्नाले फुङलिङ नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ।

(ठ) **"उपप्रमुख"** भन्नाले फुङलिङ नगरपालिकाको उपप्रमुख सम्झनुपर्नेछ।

(ड) **"कार्यपालिका सदस्य"** भन्नाले फुङलिङ नगर कार्यपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ।

(ढ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले फुङलिङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ।

(ण) **"वडा समिति"** भन्नाले फुङलिङ नगरपालिकाको ११ वटै वडा समितिहरु सम्झनुपर्नेछ।

(त) **"ब्यवसायी"** भन्नाले यस फुङलिङ नगरपालिका भित्रका सम्वन्धित ब्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ।

(थ) **"कार्यविधि"** भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय /फर्मदर्ता एवमं नवीकरण, सम्वन्धी कार्यविधि, २०७७" सम्झनु पर्नेछ।

**३. उद्देश्यः**

**(क)** स्थानीय सरकार संचालन ऐन र कार्यविधिबाट प्राप्त अधिकारको अधिकतम प्रयोग गर्न नगरपालिका भित्र रहेका कृषि तथा पशुपालन व्यवसाय / फर्म दर्ता तथा नविकारण कार्यलाइ व्यवस्थित गर्ने।

**(ख)** आर्थिक सम्वृद्धि, रोजगारी, निर्यातमूखी उत्पादन गर्न पालिका भित्र संचालनमा रहेका संचालन हुने कृषि तथा पशुपन्छीजन्य व्यापार व्यवसायसंग सम्वन्धित व्यवसाय, कृषि उत्पादनकार्य निकासी पैठारी लाइ व्यावस्थित गर्ने।

(ग) कृषि तथा पशुपालन सम्वन्धी व्यावसायीहरुलाइ व्यावसाय विकासमा सहयोग तथा प्रोत्साहन गर्ने।



**४, क्षेत्रः** फुङलिङ नगरपालिका क्षेत्र भित्रका कृषि तथा पशुपन्छी व्यवसाय संग सम्वन्धित सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ।

## परिच्छेद – २

## व्यवसाय/फार्म दर्ता सम्वन्धी व्यवस्था

**५, व्यवसाय/फर्मको प्रकृति र वर्गिकरणः**

**(क) कृषि जन्य उत्पादनका क्षेत्रः** यस क्षेत्र अन्तर्गत फलफूल, तरकारी, पुष्प खेती नर्सरी, मौरी पालन, नगदे वाली, मसला वाली तथा उच्च मुल्यका वालीहरु र खाद्यन्न बालीहरु पर्दछन्।

**(ख) पशु जन्य उत्पादनका क्षेत्रः** माछा, भेडा, बख्रा, च्याँग्रा, बगुर, बदेल, खरायो, गाई, भैंसी, चौरी, हाँस, परेवा, वटाइ, कालिज, अस्ट्रीच, कुखुरा, टर्की, गाई र भैसी पर्दछन्।

**(ग) व्यवसाय/फर्मको बर्गिकरणः** व्यवसाय/फार्मलई उनिहरुको चल अचल पूँजि र लगानिको आधारमा देहाय वमोजिम वर्गिकरण गरिएको छ।

**क वर्गः** २०लाख भन्दा माथी पूँजी भएका।

**ख वर्गः** १० देखि २० लाखसम्म पूँजी भएका।

**ग वर्गः** १०लाख भन्दा कम पूँजी भएका।

**(घ)** व्यवसाय/फर्मका लागी आवश्यक न्युनतम मापदण्डः व्यवसाय/फर्म दर्ताका लागी देहाय वमोजिमको न्युनतम मापदण्ड आवस्यक पर्दछ।

१. गाई/भैसी/चौरीको फर्म दर्ताका लागि न्युनतम ३ माउ उत्पादन योग्य वयस्क पशु सुधारिएको गोठमा पालेको हुनु पर्ने छ।

२. भेडा/बाख्रा/च्याङ्ग्राको फर्म दर्ताका लागि उत्पादन योग्य न्युनतम ७ माउ र मासुको लागी वयस्क १२ वटा खसि/वोका सुधारिएको खोर टाट्नोमा पालेको हुनु पर्नेछ।

३. सुगर/वंगुर फर्म दर्ताका लागि न्युनतम उत्पादन योग्य ३ माउ, १ व्याडेभालेर मासुको लागि १२ वटा वयस्क वंगुर सुधारिएको खोरमा पालेको हनु पर्ने छ।

४. पंन्क्षि जन्य व्यवसाय/ फर्म दर्ताका लागि वोइलर कुखुरा भए न्युनतम ३०० को संख्यामा, लेयर्स भए ३००स्था नीय कुखुरा/वटाइ/कालिज/हाँस भए १५० वटा वयस्क उत्पादन योग्य पन्छी र ट्र्की / अस्ट्रिज भए ५० को संख्यामा सुधारिएको खोरमा पालेको हनु पर्ने छ।

५. माछा पालन व्यवसायका लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा माछा पोखरी निर्माण गरी माछा पालन व्यवसाय वा पूर्वाधार निर्माण भएको हुनु पर्ने छ।

६. कृषि व्यवसाय संचाल गरी दर्ता गर्न तरकारी खेती/घाँसे नर्सरी/अन्य नर्सरी स्थापनाका लागि न्युनतम ३ रोपनी जमीनमा खेती गरेको हुनु पर्नेछ।

७. फलफूल खेति नगदे वालि उच्च मुल्यका वालीका लागि न्युनतम १० रोपनी जमीनमा खेती गरेको हुनु पर्नेछ।

८. मसला वाली अदुवा, लसुन, प्याज ,वेसार खेतीका लागि न्युनतम २ रोपनी जमीनमा खेती गरेको हुनु पर्नेछ।

९. मौरी पालन व्यवसाय दर्ताका लागि कम्तिमा आधुनिक १० घार मौरी पालेको हुनु पर्ने र मौरीघार निर्माण, सप्लायर्स तथा मौरी सम्वन्धी अन्य कारोवारको लागि आवश्यक पूर्वाधार भएको हुनु पर्नेछ।

१०. खाद्यान्न वाली धान, मकै, कोदो, फापर खेतीका लागी २० रोपनी जमीनमा खेती गरेको हुनु पर्नेछ।

११. अलैंची खेतिका लागी न्युनतम ३० रोपनी जमिनमा खति गरेको हुनु पर्नेछ।

## ६. व्यवसाय नवीकरण दर्ता प्रकृया :

(क) यस कार्यविधिको दफा ५ उपदफा घ अनुसार मापदण्ड पुगेका कुनै पनि व्यवसाय फार्महरुले दर्ताको लागि यस कार्यविधिको अनुसूची-१ वमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ । यसरी निवेदन गर्दा निवेदन साथ यस कार्यविधिको दफा ७ वमोजिमको कागजात संलग्न गर्नु पर्नेछ।

(ख) यदी कुनै व्यवसायीले आफ्नो व्यवसाय संघीय तथा प्रादेशिक कानुन बमोजिम सम्वन्धित कार्यालयहरु (घरेलु तथा साना उद्योग विकास कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय, कर दाता सेवा कार्यालय, सहकारी विभाग, वन डिभिजन कार्यालय र व्यवसायी संघ जस्ता कार्यालय) मा दर्ता तथा अनुमति लिएर व्यवसाय संचालन गरीरहेको भए पनि फुङलिङ नगरपालिकाको कार्यविधि अनुसार आ-आफ्नो व्यवसाय अनिवार्य रुपमा दर्ता गराउनु पर्नेछ।

(ग) व्यवासाय/फर्म दर्ता अवधि: दफा ६ के उपदफा क र ख बमोजिम व्यवसाय/ फर्म दर्ता तथा नवीकरण प्रत्येक आर्थिक वर्षको असोज मसान्तसम्ममा गरिसक्नु पर्नेछ।

(घ) व्यवसाय/फर्म दर्ता गर्नु पूर्व कार्यालयले यस कार्यविधिके दफा ५ को उपदफा घ बमोजिम मापदण्ड पुगे नपुगेको विषयमा जाँच गर्नुपर्नेछ।



(ङ) यस कार्यविधिको उपदफा ग अनुसार दर्ता भएका व्यवसाय/फर्म लाई अनुसूची-२ बमोजिम दर्ता प्रमाणपत्र दिइनेछ।

(च) फर्म/व्यवसाय सञ्चालन गर्दा जैविक सुरक्षा (अनुसूची-३ वंमोजिम) को विधि अवलम्बन गरेको हुनु पर्नेछ।

(छ) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय/फर्महरुको अभिलेख कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(ज) यस कार्यविधि बमोजिम दर्ता भएका व्यवसाय/ फर्महरु आयकरमा दर्ता हुनुपर्नेछ।

(झ) कुनै व्यवसाय/फर्मले अन्य निकाय वा कार्यालय वा संस्थामा दर्ताको लागि कार्यलयमा सिफारिस माग गरेको खण्डमा यस कार्यविधि बमोजिम मापदण्ड पुगेका व्यवसाय/फर्मलाई मात्र कार्यलयले सिफारिस गर्नु पर्नेछ।

## ७. दर्ताका लागि आवश्यक कागजातहरु :

(क) व्यवसाय/फर्म दर्ताका लागि देहाय बमोजिमको कागजातहरु पेश गर्नुपर्नेछ।

१. नागरिकताको प्रतिलिपि।
२. पासफोटो ३ प्रति।
३. आफ्नै नामको जग्गा भए जग्गाको धनिपुर्जाको प्रतिलिपि।
४. जग्गा आफ्नो नाममा नभए वडा कार्यालयको रोहवरमा गरेको मन्जुरीनामा / भाडा संझौता पत्र कम्तिमा ५ वर्षको हुनुपर्नेछ।
५. चार सधियारि सर्जमिन मुचुल्का (पूर्व पश्चिम उत्तर दक्षिण) वडा कार्यालय वाट प्रमाणित।
६. व्यवसाय फर्म/ रहने स्थानको वडा कार्यालयको सिफारीस।
७. साझेदारी फर्म भएमा साझेदारी कवुलियतनामा।
८. व्यावसायीक योजना / परियोजना।
९. व्यवसाय/फर्म संचालन गर्ने जग्गाको ट्रेस नक्सा।

**(ख) व्यवसाय/फर्म नविकरण गर्दा चाहिने आवश्क कागजातहरु:**

१. व्यवसाय/फर्मको सक्कलै प्रमाण-पत्र।

२. आयकर चुक्ताको प्रतिलिपि ।

३. कारण खुल्ने निवेदन ।

४. नगरपालिकामा राजश्व जम्मा गरेको सक्कलै भौचर ।

५. २० लाख भन्दा माथिको पुँजीबाट संचालित 'क' वर्गको व्यवसाय/फर्मको हकमा लेखा परिक्षक प्रतिवेदनको प्रतिलिपि ।

**(ग) व्यवसाय/फार्मको व्यहोरा संशोधन कारोवार थप र प्रतिलिपि प्राप्तिका लागि आवश्यक कागजातहरु:**

१. व्यवसाय/फर्मको सक्कल प्रमाण-पत्र

२. अघिल्लो आ.व.को करचुक्ताको प्रमाण तिरेको रसिदको प्रतिलिपी

३. प्रतिलिपि लिनका लागि निवेदन र सक्कल प्रमाण-पत्र समेत लिइ व्यवसाय/फार्म धनी स्वंयम तिन प्रति फोटो समेत लिई उपस्थित हुनुपर्ने ।

४. फार्मको नाम ठेगाना उद्देश्य कारोवार परिवर्तन तथा पूंजी थपघट गर्न चाहेमा निवेदन दिइ आवश्यक संशोधन गर्न सकिनेछ ।

५. कुनै कारणवस फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी लिनुपर्ने भए फर्म धनीको सक्कल नागरिकता प्रमाणपत्र सहित स्वयं उपस्थित भई निवेदन दिनुपर्ने छ । कार्यालयले तोकेको दस्तुर लिई व्यवसाय/फार्मको प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्दछ ।

६. सम्वन्धित वडाको सिफारीस

**(घ) व्यवसाय/ फर्म ठाउँ सारी गर्दा चाहिने अवश्यक कागजातहरुः**

१. सक्कलै प्रमाण-पत्र ।

२. करचुक्ताको प्रतिलिपि ।

३. कारण खुल्ने निवेदन ।

४. जग्गाको नक्सा ।

५. धनिपूर्जाको फोटोकपी ।

६. जग्गा आफ्नो नभएमा मन्जुरीनामा/भाडामा भए सम्झौता (कम्तिमा ५ वर्षको) ।

७. चार सधियार सर्जिमिन मुचुल्का (पूर्व पश्चिम उत्तर दक्षिण) ।

८. व्यवसाय/फर्म रहने स्थानको वडा कार्यालयको सिफारीस ।



**(ङ) व्यवसाय/ फार्म नामसारी गर्दा चाहिने अवश्यक कागजातहरुः**

१. नाम सारीको लागि फर्म लिने दिने दुवै व्यक्ति स्वयंम उपस्थित हुनुपर्ने र लिनेको हालसालै खिचेको पासपोर्ट साइजको तिन प्रति फोटो तथ सक्कल नागरीकता ।

२. अघिल्लो आ.व.मा आय कर तिरेको प्रमाण पत्रको प्रतिलिपि ।

३. सम्वन्धित वडा कार्यालयको सिफारीस ।

४. व्यावसायीको मृत्यू भएको खण्डमा मृत्यु दर्ता प्रमाण-पत्र ।

५. कारण खुलेको लिने दिनेको निवेदन ।

**(च) व्यवसाय/ फार्मको खारेजी:** निम्न अवस्थामा व्यवसाय/फार्म खारेज हुनेछ ।

१. तोकिएको समय भित्र नविकरण नगराएमा ।

२. व्यवसाय/फार्म धनिले मुनासिव कारण दर्साइ आफ्नो फार्म खारेजी गरी पाउँ भनी निवेदन दिएमा ।

३. एउटै व्यक्ति फुङलिङ नगरपालिका आर्थिक विकास शाखामा दर्ता भएको कृषक समुहमा सदस्यहरु भएको खण्डमा व्यवसाय/फार्म दर्ता पछि सो फर्मका व्यवसायी रहन नपाउने ।

४. व्यवसाय/फार्मले यस कार्यविधिमा उल्लेखित प्रावधानको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ।

५. उद्देश्य बमोजिम व्यवसाय/फार्म संचालन नगरेमा ।

**(छ) फार्म खारेजी गर्दा चाहिने अवश्यक कागजातहरुः**

१. खारेजीको लागि निवेदन

२. व्यवसाय/ फर्म दर्ताको सक्कल प्रमाण-पत्र

३. अघिल्लो आ.व. कर तिरेको रसिद

४. सम्वन्धित वडा कार्यालयको सिफारीस ।

५. नगरपालिकाको निर्णय (कारवाहिको हकमा) ।

## परिच्छेद – ३

## अनुगमन तथा कारबाही

८. **अभिलेख सम्वन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरुले आफ्नो व्यवसायको प्रकृति अनुसार उत्पादन हुने वस्तु, सेवाको प्रकृति, मुल्य, कर्मचारी, फार्म अभिलेख आदि अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. **अनुगमन सम्वन्धी व्यवस्था :**

(क) यस नगरपालिका भित्र संचालन भएका कृषि तथा पशुपञ्छी उद्योग, व्यवसायलाई, ब्यवस्थित बनाउन चैमासिक रुपमा अनुगमन गरिनेछ।

(ख) यस्तो अनुगमन नगरपालिकाको नगरपालिका स्तरीय अनुगमन समितिले प्रचलित ऐन अनुसार गर्नेछ।

**१०. कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

देहायको काम कार्वाही गरेमा व्यवसाय/फर्मलाई देहाय बमोजिमको जरिवाना गरिनेछ।

(क) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा।

(ख) कालाबजारी गरेमा।

(ग) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा।

(घ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा।

(ङ) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा।

(च) व्यवसाय/फर्मको अभिलेख नराखेमा।

(छ) व्यवसाय/फर्मको अभिलेख साइनबोर्ड नराखेमा।

(ज) फर्म/ व्यवसायले जैविक सुरक्षा विधी लागु नगरेमा।

(झ) नुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ।

१. फर्म/ व्यवसायको अभिलेख नराखेमा।.................... रु.३००।

२. फर्म/ व्यवसायको साइनबोर्ड नराखेमा।.....................रु.३००।

३. फर्म/ व्यवसायले जैविक सुरक्षा विधी लागु नगरेमा।.........रु.३०००।



## परिच्छेद – ४

## विविध

**११. बाधा अड्काउ सम्वन्धी व्यवस्था :**

(क) यो कार्यविधिको कार्यान्वयनलाई ब्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यक्ता अनुसार कार्यविधिको कुनै दफा थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा नगरकार्यपालिकाले गरेका वाधा अड्काउ फुकाउ र व्याख्या अन्तिम हुनेछ।

**१२.** एउटै व्यक्ति नगरपालिकामा दर्ता भएको कृषक समूहको सदस्य र व्यवसाय/फर्मको संचालक हुन पाउने छैन।

**१३. खारेजी र बचाउ :** यो कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संघीय प्रादेशिक तथा नगरपालिकाको ऐन नियमसँग बझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ। यस कार्यविधि प्रारम्भ भएपछि यस अघि नगरपालिकामा दर्ता भएमा कृषि व्यवसाय/फर्महरु यसै कार्यविधि बमोजिम दर्ता हुनुपर्नेछ।

## अनुसूची - १

**(कार्यविधिके दफा ६ को उपदफा क सँग सम्बन्धित)**

**व्यवसाय/फाम दर्ताको निवेदन ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
फुङलिङ नगरपालिकाको कार्यालय
फुङलिङ ताप्लेजुङ ।

**विषय: व्यवसाय/फाम दर्ता गरी पाँऊ ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशील अनुसारको विवरण भएको व्यवसाय/फर्म संचालन गरिरहेको/गर्न इच्छुक भएकाले नियमानुसार व्यवसाय/फार्म दर्ता गरिदिनुहुन अनुरोध छ ।

**तपसिल:**

**संलग्न गागजातहरु:**

क. व्यवसायको नाम: ..............................................................
ख. व्यवसाय रहेको ठेगाना: ..............................................................
ग. व्यवसायको प्रकार: ..............................................................
घ. व्यवसायको प्रकृति: ..............................................................
ङ. नागरिकताको प्रतिलिपि ।
च. पासफोटो ३ प्रति ।
छ. आफ्नै नामको जग्गा भए जग्गाको धनिपूर्कोर्जाको प्रतिलिपि ।
ज. जग्गा आफ्नो नाममा नभए वडा कार्यालयको रोहवरमा गरेको मनजुरीनामा/ भाडा संझौता पत्रको प्रतिलिपि - १ प्रति ।
झ. वडा कार्यालयको रोहवरमा भएको चार सधिरिया सर्जमिन मुचुल्का(पूर्व पश्चिम उत्तर दक्षिण) ।
ञ. व्यवसाय/फर्म रहने स्थानको वडा कार्यालयको सिफारीस ।
ट. साझेदारी फर्म भएमा साझेदारी कवुलियतनामा ।
ठ. व्यावसायीक योजना/ परियोजना - २ प्रति ।
ड. जग्गाके ट्रेस नक्सा - १ प्रति ।

**निवेदक**
नाम :
ठेगाना :
मिति :



## अनुसूची २

**दफा (६) सँग सम्बन्धित,**

**व्यवसाय दर्ता प्रमाण पत्रको ढाँचा**

**फुङलिङ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फुङलिङ, ताप्लेजुङ**

**स्था:-२०७३**

**व्यवसाय/फर्म दर्ताको प्रमाण-पत्र**

फोटो

व्यवसाय/फर्मको नाम:-
व्यवसायीको नाम:-
व्यवसाय संचालन भएको जग्गाधनीको नाम:-
व्यवसाय रहेको स्थान/ठेगाना:-
व्यवसाय रहेको बाटोको नाम:-
व्यवसायको इ-मेल ठेगाना:-
फोन नम्बर:-
प्यान नम्बर:-
व्यवसाय दर्ता नम्बर:-
व्यवसाय दर्ता मिति:-

**अन्य निकायमा दर्ता भएको छ भने सोको विवरण:**
निकायको नाम:-
दर्ता नं.-

आर्थिक वर्ष:- २०७५/०७६ दर्ता मिति:-

चालु पुँजी रु. स्थिर पुँजी रु. कुल पुँजी रु.

| व्यवसायको प्रकार | व्यवसायको कारोवारको प्रकृति | व्यवसाय/फर्म रहेको टोलको नाम | घर नं. |
|---|---|---|---|
| | | | |

.......................................
**व्यवसायीको दस्तखत**

.......................................
**प्रमाणित गर्नेको दस्तखत**

## व्यवसाय/फर्मको नविकरण विवरण

| सि.नं. | नवीकरण मिति | नवीकरण अवधि | रसिद नं र नवीकरण दस्तुर रु. | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |

**नोटः- यो प्रमाण पत्र कृषि तथा पशुपंक्षी व्यवसाय/फर्म दर्ता एवम् नविकरण सम्बन्धी कार्यविधि-२०७७ बमोजिम जारी गरिएको छ ।**



## अनुसूचि - ३

**(दफा -६ सँग सम्बन्धित )**

**कृषि, पशुपन्छी तथा माछाजन्य व्यवसाय/फर्म संचालन गर्दा अपनाउनु पर्ने जैविक सुरक्षा मापदण्डहरुः**

१, पशुपन्छी (व्यवसाय/फार्म) फर्म राष्ट्रिय तथा मुख्य सडक, सार्वजनिक स्थल, पानीका मुहानबाट २०० मिटर टाढा हुनुपर्नेछ ।

२, मानिस वसोवास गर्ने स्थान, मुख्य वजार या घर देखि पशुपन्छी (व्यवसाय/फर्म) फर्मको दुरी कम्तिमा २०० मिटर हुनुपर्नेछ ।

३, मानिस वस्ने घरमा मानिससँगै राखेर कुखुरा, भेडा बख्रा लगायतका पशुपन्छी पाल्न पाइने छैन ।

४, फर्म भित्र अन्य जनावर, पंक्षी नछिर्ने खालको पर्खाल टाटी वा जालीले घेरेर राख्ने साथै अनुमति विना प्रवेश निशेध लेखेको वोर्ड समेत राखेको हुनुपर्नेछ ।

५,फर्ममा काम गर्ने कामदारहरुलाई सरसफाईको लागि नजिकै धारा, वाथरुम तथा ट्वाइलेटको राम्रो व्यवस्था गरेको हुनुपर्नेछ ।

६, लामो समयसम्म काम गर्ने कामदारहरुको विमा तथा स्वास्थ्य विमाको नीतिगत व्यवस्था गरी विमा गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

७, फर्मबाट उत्पादन हुने पशुपन्छीको मलमुत्र, फोहोरमैला तथा मृत पशुपन्छीको व्यवस्थापन गर्न सुरक्षित कम्पोष्ट पीट, बायोलोजिकल पिट, पिसाब संकलन ट्याङ्की आदिको व्यवस्था गरेको हुनुपर्नेछ ।

८, माथि उल्लेख भएको व्यहोरा लगायत नेपाल सरकारको विभिन्न औद्योगिक नीति नियम र कानुले तय गरेका मापदण्डलाई आधार मानि व्यवसाय/फार्म संचालन भएको हुनुपर्नेछ ।

**अनुसूची ४**

**दफा ६ को उपदफा ६.७ संग सम्वन्धित**

**फुङलिङ नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**(कृषि तथा पशुपन्छी विकास शाखा)**

फुङलिङ, ताप्लेजुङ

१नं. प्रदेश, नेपाल

## कृषि, पशुपन्छी तथा माछाजन्य व्यवसाय/फर्म अभिलेख, दर्ता, नविकरण तथा इजाजत दिएको अभिलेख किताव

| क्र.सं | पान दर्ता नम्वर र मिति | | नविकरण गरेको मिति | नविकरणको अवधि | फर्मको नाम | प्रोपाइटरको नाम | ठेगाना | अन्य निकायमा दर्ता गरेको भए | | व्यवसाय को किसिम | लागत पुजी | सम्पर्क नंम्बर | व्यवसायीको फोटो | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं | मिति | | | | | | दर्ता गरेको निकाय | दर्ता/मिति र नम्वर | | | | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | |

**आज्ञाले**

बद्री कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत



"कृषि तथा पशुपन्छी व्यवसाय/फर्म दर्ता एवम् नवीकरण, सम्बन्धी कार्यविधि, २०७७ "